# पाँचौ गाउँसभाको बैठकमा अध्यक्ष श्री डुफकुमार वास्तोलाज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम

नेचासल्यान गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,
नेचावेतघारी, सोलुखुम्बु, १ नं प्रदेश नेपाल
२०७६/०३/१०

गाउँसभाका उपाध्यक्षज्यू
गाउँसभाका सदस्यज्यूहरु
प्रमुख प्रशासकीय अधिकृत लगायत उपस्थित सम्पूर्ण कर्मचारी मित्रहरु

१, यस नेचासल्यान गाउँपालिका सोलुखुम्बुको पाँचौं गाउँसभाको बैठकमा यस गाउँपालिकाको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु।

२, नेपालको संविधान २०७२ को प्रावधान बमोजिम संघीय शासन व्यवस्थाको मर्म अनुरुप यस गाउँपालिकाका हामी जन निर्वाचित प्रतिनिधिहरु मिति २०७४/०३/१९ गते यस नेचासल्यान गाउँपालिकामा बहाली भई स्थानीय तहलाई प्राप्त संवैधानिक अधिकारको परिधि भित्र रहेर कार्य सम्पादन गर्दै स्थानीय तहको संस्थागत विकासमा क्रियाशील छौं। मिति २०७३/११/२७ गते यस गाउँपालिकाको स्थापना भए पश्चात् हाल सम्म ३ वटा आर्थिक वर्ष कायोजना तर्जुमा र कार्यान्वयनको काममा सक्रिय भूमिका निर्वाह गरेका छौं र यस कार्यलाई आगामी दिनहरुमा पनि निरन्तरता दिने छौं।

३, यस ऐतिहासिक अवसर प्राप्तिका लागि जीवन उत्सर्ग गर्नु हुने आदरणीय वीर सहिदहरु प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु।

४, नेपाल सरकारको ***सम्बृद्ध नेपाल सुखी नेपालीको अवधारणा र प्रदेश नं १ विराटनगरको स्वच्छ, सुखी र समुन्नत प्रदेश भन्ने मूल दृष्टि***लाई सहयोग पुग्ने गरी कार्यक्रमहरु संचालन गरिनेछ। ***कृषि, पर्यटन, ऊर्जा, सहकारी र पूर्वाधार, सुशासन र जवाफदेहिता सम्बृद्धिको आधार*** भन्ने यस गाउँपालिकाको मूल नारामा समेटिएका विषय क्षेत्रहरुलाई आगामी आ.व. मा समेत प्राथमिकताका साथ विकासका क्रियाकलापसँग आबद्ध गर्दै लगिनेछ।

५, आगामी आ.व.का लागि आन्तरिक राजश्वका दायरा फराकिलो पारिनेछ करका दरहरु सन्तुलित तरिकाले निर्धारण गरिनेछ। संकलित राजश्वको व्यवस्थित अभिलेखीकरणका लागि सूचना प्रविधिको प्रयोग गरिनेछ। गाउँपालिकाको कोषमा जुनसुकै स्रोतबाट संकलन हुने र भएको रकमको मीतव्ययी, पारदर्शी र प्रभाकारी रुपमा उपयोग गर्न जोड दिइनेछ।

६, करीब १८ किलोमिटर लम्बाइ भएको यस गाउँपालिकाको वडा नं २ फेदी-दोदी-नाम्लो-खहरे-विहीवारे-चुर्पु सडक स्तरोन्नतिको लागि यस आ.व.मा प्रदेश नं १ सरकारबाट रु १ करोड ५० लाख बजेट विनियोजन भई विनियोजित बजेट बमोजिमको काम सम्पन्नको चरणमा रहेको र बाँकी काम सम्पन्न गर्न आवश्यक थप बजेट १ नं प्रदेश सरकारसँग माग गरिसकिएको छ। यस गाउँपालिकाबाट सडक शीर्षकमा विनियोजित हुने अधिकांश योजनाहरु सडक स्तरोन्नतिसँग सम्बन्धित हुनेछन्।

७, यस गाउँपालिका वडा नं २ को त्रिवेणी लघु जलविद्युत् को मर्मतको काम यही आ.व. भित्र सम्पन्न गरिनेछ र वडा नं ४ को तुइनटार स्थित लघु जलविद्युत आयोजनाको काम आगामी आ.व.मा सम्पन्न गरिनेछ र उक्त आयोजनाका लागि अपुग हुने बजेटको व्यवस्था गरिनेछ। यस गाउँपालिका क्षेत्रमा विद्युत् को राष्ट्रिय प्रसारण लाइन विस्तारको DPR (Detail Project Report) काम सम्पन्न गरी उक्त योजना अघि बढाउन १ नं प्रदेश सरकारसँग बजेट सहितको योजना माग गरि पठाइएको छ। सौर्य ऊर्जा र नवीकरणीय ऊर्जा सम्बन्धी योजनाहरुलाई अघि बढाइनेछ।

८, खेल यस आ.व. मा वडा नं १ को छितापातालमा, वडा नं २ को देउपूजे र धुनीचौरमा र वडा नं ५ को वतासेमा मैदान निर्माणको काम सम्पन्न गरिसकिएको छ र आगामी आ.व. मा वडा नं ४ र ५ मा खेल मैदान निर्माणको काम अघि बढाइनेछ। यस चालु आ.व.मा जस्तै आगामी आ.व.मा समेत विभिन्न विधाका खेलकुदका कार्यक्रमहरु संचालन गरिनेछ।

९, खानेपानी र सिंचाइसँग सम्बन्धित आयोजनाहरुलाई यस आ.व. मा झै आगामी आ.व. मा पनि निरन्तरता दिइनेछ। यस गाउँपालिकाका मुख्य २ वटा खोलाहरु खहरे र ठाडो खोलाको मुहानलाई केन्द्र बनाएर सिंचाइ र खानेपानीका आयोजनाहरु सन्चालन गरी पानीको अभावलाई न्युनीकरण गरिनेछ। साथै खानेपानीका मुहान पहिचान र व्यवस्थापन गरी शुद्ध खानेपानीको सेवा विस्तार गरिनेछ।

१०, नेपाल सरकारको आफ्नो गाउँ आफैं बनाऔं भन्ने अवधारणा अनुसारका विकास निर्माण र रोजगारी सिर्जनाका कार्यक्रमसँग यस गाउँपालिकाका कार्यक्रमहरुलाई आवद्ध गरिनेछ। यस गाउँपालिका र अन्य विभिन्न निकायसँग समन्वय गरी व्यक्तिको सीप,क्षमता र दक्षता अभिबृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११, यस गाउँपालिका क्षेत्रमा संचालन हुने आयोजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनुगमनको कार्यक्रमलाई तीब्रता दिइनेछ। र आगामी आ.व. देखि गाउँपालिकाबाट संचालन गरिने विकास निर्माणसँग सम्बन्धित आयोजनाहरुको कार्यान्वयन गर्दा ठेक्का विधिबाट कार्यान्वयन गर्न जोड दिइनेछ।

१२, नेपाल सरकारले आयोजना गर्ने आगामी आ.व.देखि लागू हुने गरी शैक्षिक गुणस्तर सुधार अभिबृद्धि दशक लगायतका कार्यक्रमहरु र १ नं प्रदेश सरकारबाट संचालन हुने शिक्षासँग सम्बन्धित कार्यक्रमहरु र यस गाउँपालिकाबाट विनियोजन हुने विभिन्न कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन गरी सामुदायिक विद्यालयको गुणस्तरमा व्यापकसुधार गर्न पहल गरिनेछ। आगामी आ.व. ०७६/७७ मा यस गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिकाको रुपमा घोषणा गरिनेछ।यस गाउँपालिकाबाट मिति २०७६/०२/१२ गते आयोजित शैक्षिक गोष्ठीमा गरिएका २१ बुँदे प्रतिबद्धतालाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। खासगरी सामुदायिक विद्यालयमा सूचना प्रविधिको प्रयोग र शिक्षकहरुको विषयगत दक्षता अभिबृद्धिका कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइनेछ।

१३, ***चिनौं आफ्नै माटो बनाऔं आफ्नै देश*** भन्ने नेपाल सरकारको अभियान अन्तर्गतको प्राविधिक र अंग्रेजी, गणित तथा विज्ञान विषय विद्यालयमा पढाउन स्नातक र स्नातकोत्तर तहका विद्यार्थीलाई स्वयंसेवक शिक्षकको रुपमा खटाउने कार्यक्रमलाई यस गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारको कार्यक्रमसँग आवद्ध गरिनेछ।

१४, प्रत्येक स्थानीय तहमा कम्तीमा एक प्राथमिक अस्पताल स्थापना नेपाल सरकारकोनीतिलाई कार्यान्वयन गर्ने अभियानमा विशेष सहयोग गरिनेछ। यस गाउँपालिकाका सबै स्वास्थ्य संस्थाबाट निःशुल्क रुपमा उपलब्ध हुने औषधि तथा स्वास्थ्यकर्मी लगायतको सेवामा कमी हुन दिइनेछैन। स्वास्थ्य संस्थाको व्यवस्थापनमा सुधार गरिनेछ। वडा नं. १, ४ र ५ मा स्वास्थ्य चौकि स्थापनाका लागि संघिय सरकारसँग पहल गरिनेछ।



नेचासल्यान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नेचाबेतघारी, सोलुखुम्बु १ नं. प्रदेश नेपाल

१५, महिला, दलित, जनजाति, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति,विपन्न वर्ग, लोपोन्मुख र सीमान्तकृत समुदायलाई सामाजिक संरक्षण गर्ने नेपाल सरकार तथा १ नं प्रदेश सरकारको कार्यक्रममा सहकार्य गरिनेछ र विकासका साझेदारहरु गैरसरकारी, निजी तथा सहकारी क्षेत्रको सहयोग समेत परिचालन गरी उनीहरु लक्षित कार्यक्रमहरु थप गरिनेछ । महिला विरुद्ध हुने हिंसा, छुवाछुत, अन्धविश्वास र पछौटेपनमा सुधार ल्याउन जनचेतनाका कार्यक्रमहरु समेटिनेछन् ।

१६, विपद् व्यवस्थापनको लागि छुट्टै विपद् व्यवस्थापन कोष खडा गरी विपद् पूर्व तयारी र विपद् पश्चात्को उद्धार र पुनर्स्थापनाको काम अघि बढाइनेछ । साथै जल उत्पन्न प्रकोप नियन्त्रणका योजनाहरुलाई निरन्तरता दिइनेछ ।

१७, निसर्त तथा ससर्त कार्यक्रमका माध्यमबाट कृषि र पशु विकासका कार्यक्रमहरुलाई प्राथमिकताका साथ अघि बढाइनेछ । यी कार्यक्रमहरुलाई व्यवसाय र रोजगारसँग आवद्ध गरिनेछ । उन्नत जातको नश्ल सुधारका कार्यक्रमहरु समेटिनेछ । कृषि विउ,फलफुलको विरुवा वितरण, सीप तथा क्षमता बढाउने तालिम लगायतका कार्यक्रमहरु समेटिनेछ । विज्ञबाट परामर्श लिएर तयार गरिएको यसगाउँपालिका क्षेत्रको कृषि सम्बन्धी र माटो परीक्षण सम्बन्धी अध्ययन प्रतिवेदनमा समेटिएकाकार्यक्रमहरुलाई अघि बढाइनेछ ।

१८, नेपाल सरकारको सबै प्रदेशमा नमुना अर्ग्यानिक कृषि फर्म स्थापना गर्ने अभियान अनुसार स्थापना हुने फर्मबाट प्राविधिक जानकारी लिई यस गाउँपालिका क्षेत्रलाई अर्ग्यानिक गाउँपालिका बनाउन थप कार्यक्रमहरु संचालन गरिनेछ ।

१९, नेपाल सरकारको आगामी आ.व.लाई युवा परिचालन वर्षको रुपमा मनाउने र युवा वैज्ञानिक सम्मेलनको आयोजना गरिने अवधारणालाई साकार पार्ने कार्यक्रममा सहयोग गरिनेछ र उक्त अभियानबाट प्राप्त हुने उपलब्धिअनुसारका कार्यक्रमहरुलाई आगामी दिनका कार्यक्रमहरुमा समेटिनेछ ।

२०, यस गाउँपालिका क्षेत्रको धार्मिक प्राकृतिक महत्वका सम्पदाहरुको प्रचार प्रसार गरी आन्तरिक र बाह्य पर्यटकहरुलाई आकर्षित गरिनेछ । नेचासल्यान पर्यटन महोत्सवको आयोजना गरिनेछ । विज्ञबाट परामर्श लिएर तयार गरिएको यस गाउँपालिका क्षेत्रको पर्यटन सम्बन्धी अध्ययन प्रतिवेदनमा समेटिएका कार्यक्रमहरुलाई अघि बढाइनेछ ।

२१, यस गाउँपालिकाको सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाइनेछ । यस गाउँपालिकाका घरमूलीको विवरण, भूगोल, जातजाति संस्कृति लगायत समग्र विवरण सहितको पार्श्वचित्र तयार गरी प्रयोगमा ल्याइ सकिएकोछ र यसमा थप सुधार गरी प्रत्येक व्यक्तिको वैयक्तिक विवरण सहितको विवरण तयार गरी सबै गाउँपालिकाबासीको अभिलेख व्यवस्थापनलाई चुस्त-दुरुस्त बनाइनेछ ।

२२, यस गाउँपालिकाबाट स्वीकृत गरी लागू भएका कानुनहरुलाई समयानुकुल सुधार गरिनेछ र आवश्यकता अनुसार थप कानुनको निर्माण गरिनेछ । आगामी आ.व.मा न्यायिक समितिको भूमिका बारे जनतालाई



नेचासल्यान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
१ नं. प्रदेश नेपाल

सुसूचित गरी वडा तहका मेलमिलापकर्ताहरुबाट प्रारम्भिक सुनुवाइको प्रक्रिया पूरा गरेर मात्र न्यायिक समितिका संयोजक समक्ष उजुरी पेश हुने प्रक्रियाको थालनी गरिनेछ ।

२३, यस गाउँपालिका क्षेत्रमा लघु तथा घरेलु उद्यमलाई प्रवर्द्धन गर्ने कार्यक्रमहरु समेटिनेछ । यस गाउपालिकाको वडा नं. २ थामडाँडामा औद्योगिक ग्राम स्थापनाका निम्ति आवश्यक प्रक्रिया अगाडि बढाईसकिएको ता अन्य स्थानमा समेत आगामी आ.व.०७६/७७ मा औद्योगिक ग्राम स्थापनाका लागि संघ र १ नं प्रदेश र स्थानीय तहको संयुक्त लगानीमा यस गाउँपालिका क्षेत्र भित्र उक्त औद्योगिक ग्राम स्थापना र निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

२४, चालु आ.व. मा उपभोक्ता समिति मार्फत् यस गाउँपालिकाबाट सम्पन्न भएका आयोजनाहरुलाई सम्बन्धित उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरी योजनाको स्वामित्व ग्रहण गर्न र मर्मत सम्भार र दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।

२५, स्थानीय तहमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च बनाउन क्षमता विकास तथा पुरस्कार लगायतका कार्यक्रम समेटिनेछ ।

२६, अन्त्यमा यस गाउँपालिकाको नीति निर्माणदेखि सोको कार्यान्वयन सम्म रचनात्मक सुझाव दिनु हुने प्रतिनिधि सभा तथा १ नं. प्रदेश सभाका माननीय सांसदज्यूहरु, उपाध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधि मित्रहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी मित्रहरु र आम नेचासल्यानवासी जनसमुदायहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद**

नेचासल्यान गाउँपालिका
गाउँपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
१ नं. प्रदेश नेपाल

०७६/३/१०

डुफकुमार वास्तोला
अध्यक्ष
नेचासल्यान गाउँपालिका